



ॐ

ॐश्री गुरुपरमात्मने नमः



# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल


## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा - तत्त्वपूरुषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

### म र मेरो कर्त्तव्य

वास्तवमा म को हुँ ? मेरो कर्त्तव्य के हो ? ईश्वर, आमाबाबु, गाई, गुरु र शास्त्र यी पाँच मानव मात्रको निरन्तर उपकार गर्दछन्, विचार गर यिनीहरूप्रति हाम्रो के कर्त्तव्य छ ?

जन्मदेखि नै **आमाबाबुले** आफ्ना सन्तानलाई प्राणभन्दा प्यारो गरेर पालन-पोषण गर्दछन्, उसलाई सबै कुरावाट सुयोग्य बनाएर अन्तमा सर्वस्व समर्पण गरेर आफ्नो **कर्त्तव्य** पूरा गर्दछन्। तिमि आफै पनि कसैका **आमा-बाबु** छौ, तिमि आफ्ना सन्तानसँग के आशा राख्दछौ? विचार गर, हाम्रो तिनका प्रति के **कर्त्तव्य** छ ?

यी पाँचकै सेवाको दृढ निश्चय **गर**। यही मनुष्यका निमित्त परम धर्म हो।



ॐ श्री गुरुपरमात्मने नमः

**वेद हाम्रो धर्म शास्त्र हो**


विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा - तत्तपूरूषका करकमल बाट पोखिए का ग्रन्थहरूका "अमृत"

यदि तिमी व्यापारी छौ या पसले छौ भने यो विचार गर – तिम्रो त्यो व्यापार धन कमाउनको लागि होइन अपितु श्रीभगवान्‌को पूजा गर्नको लागि हो । जुन-जुनसँग तिम्रो व्यवहार हुन्छ तिनीहरूलाई लाभ पुर्‍याउँदै आफ्नो आजीविका चलाउन मात्र व्यापार गर, लोभवृत्तिले होइन। व्यापारमा पाप लोभले गर्दा हुन्छ। लोभ छाड्यौ भने कुनै प्रकार पनि अर्काको हक हनन गर्ने चेष्टा हुन सक्तैन । वस्तुहरूको नाप-तौल या गन्तीमा बढी रकम लिने-दिने,

बढियाको बदला घटिया दिने, कमसलको सट्टा असल लिने र आढत-दलाली इत्यादिमा शर्तभन्दा घटी-बढी पार्ने इत्यादि व्यापारिक चोरीहरू लोभबाट हुन्छन्, तर केवल लोभ मात्र छाडेर पुग्दैन, अर्काको हितको पनि चेष्टा गर्नुपर्छ । जसरी लोभी मानिस आफ्नो पसलमा कुनै ग्राहक आउँदा उसको बनावटी आदर-सत्कार गरी उसलाई ठग्ने चेष्टा गर्दछ, ठीक त्यसरी नै तिमीले कपट त्यागी ग्राहकलाई प्रेमपूर्वक सरल भाषामा साँचो कुरा सम्झाएर उसको हितको वास्ता राख्नुपर्दछ। यो सम्झनुपर्दछ कि त्यसै ग्राहकको रूपमा साक्षात् परमात्मा नै पाल्नुभएको हो र उहाँको जे-जति सेवा तिमीबाट सम्भव छ त्यो कर्म हुनेछ। यो सम्झेर व्यापार गर्‍यौ भने तिमी श्रीभगवान्‌को कृपापात्र बन्नेछौ र त्यो व्यापार नै तिम्रो लागि भगवत्प्राप्तिको साधन बन्नेछ ।



ॐ

ॐ श्री गुरुपरमात्मने नमः


# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा - तत्तपूरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

यदि तिमी जमीनदार रहेछौ भने जुनसुकै तरीकाले रैतीहरूसँग तिरो आदि असूल गरी त्यसलाई मोज र शोखमा या आफूभन्दा ठूलाबडाहरूलाई खुशी पार्नमा खर्च गर्न छाड । आफ्ना किसानहरूलाई आफ्नै परिवारका मानिसहरू सम्झी उनीहरूका सुख-दुःखको विचार गर। दुःख पर्दा उनीहरूलाई नसताऊ र आफ्नो खर्चमा कटौती गरेर पनि अनुचित कर माफ गरिदेऊ । याद राख– तिमी वा तिम्रो कुनै कारिन्दाबाट गरीब प्रजाको कुनै व्यक्तिमाथि अन्याय हुन नपाओस् । गरीबहरूको र आइमाईहरूको आदर र सम्मान गर तथा उनीहरूका केटाकेटीहरूलाई आफ्नै बाल-बच्चासरह प्यार गर, उनीहरूको आशीर्वादले तिमी फुल्ने-फल्नेछौ । तिमीलाई भगवत्प्राप्ति गर्नु छ भने जमीनदारी-द्वारा नै त्यसलाई पनि प्राप्त गर्न सक्तछौ । त्यसको तरीका यो हो– रैती स्त्री र पुरुषहरूलाई आफ्ना अन्नदाता श्रीभग-वान्‌को स्वरूप सम्झ र आफ्नो जमीनदारीको नाटकअनुसार, जो भगवान्‌ले नै दिएको हो, उनीहरूलाई सुख दिने नीयतले तथा उनीहरूकै पूजार्थ न्यायसाथ र सजिलोसँग उठाउन योग्य कर मात्र असूल गर । त्यसपछि पारिश्रमिकको रूपमा त्यसबाट केही अंश आफ्नो खर्चको लागि राखेर बाँकी सब सुन्दर किसिमले उनीहरूकै सेवामा लगाईदेऊ तिमी-लाई जमीदारीको अभिनय यसकारण दिइएको हो कि रैतीहरूको धन उनीहरूबाट उठाएर व्यवस्थापूर्वक उनीहरूकै हितको लागि तिमी गर खर्च । उनीहरूको रेखदेख, रक्षा र सेवाको काम तिम्रो जिम्मामा छ । उनीहरूलाई सताएर मोज उडाउने तिमीलाई कुनै अधिकार छैन । यसबाट त उनीहरूको साथसाथै तिम्रो पनि दुःख अवश्य बढ्ला । यदि उनीहरूलाई भगवान्‌को स्वरूप सम्झी आफ्नो योग्यतानुसार भगवान्‌को प्राप्तिको लागि नै भगवान्‌को आज्ञाअनुसार उनीहरूमाथि शासन गर्‍यौ भने त्यसैद्वारा तिमीलाई भगवत्प्राप्ति भइजाला ।



ॐ

ॐ श्री गुरुपरमात्मने नमः




# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा - तत्त्वपूरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"


यदि तिमी हाकिम रहेछौ भने आफ्नो अभिनयअनुसार दयापूर्ण न्याय गर। तिम्रो इजलासमा कुनै पनि मुद्दा पर्‍यो भने त्यसलाई ध्यानपूर्वक सुन। घूस खाएर वा अरू कुनै पनि कारणले पक्षपात र अन्याय नगर प्रत्येक न्याय माग्न आउनेलाई भगवान्‌को स्वरूप सम्झेर न्यायरूप सामग्रीद्वारा उसको पूजा गर। उसलाई न्याय पाउने काममा सक्दो सहुलियत देऊ र सेवाको भावले नै आफूलाई प्रशासक या न्यायाधीश ठान, शान देखाउने अधिकृत होइन। तिम्रो यसै निष्काम सेवाबाट तिमीलाई भगवान्‌को कृपा प्राप्त होला र तिमी भगवत्प्राप्ति गर्न सकौला।



ॐ श्री गुरुपरमात्मने नमः


# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा - तत्तपूरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

यदि तिमी वकील हौ भने पैसाको लोभले अन्यायको पैसा नलेऊ झूटा गवाहीहरू नबनाऊ र कसैलाई झन्झट दिने नीयत नराख । प्रत्येक झगडियालाई भगवान्को स्वरूप सम्झेर न्यायपक्ष ग्रहण गर। झूटा मुद्दा गर्न नसिकाऊ। तिमीले चाहेको खण्डमा भगवान्को ठूलो सेवा गर्न सक्छौ र त्यसै सेवाद्वारा तिमीलाई भगवत्प्राप्ति हुन सक्छ ।





ॐ श्री गुरुपरमात्मने नमः


# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा - तत्तपूरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

यदि तिमी डाक्टर या वैद्य हौ भने बिरामीलाई भगवान्‌को स्वरूप सम्झी उसको लागि सेवाभावले नै उचित पारिश्रमिक लिएर औषधिको व्यवस्था गर । लोभवश रोगीलाई नसताऊ । गरीबहरूको सधैं विचार राख । तिमी आफ्नो निःस्वार्थ सेवाद्वारा भगवान्‌को धेरै प्यारो बन्न सक्तछौ र भगवान्‌को प्राप्ति साह्रै सरलतासँग गर्न सक्छौ ।

तिमी भगवान्‌को अति नजीक हुन्छौ ।






ॐ श्री गुरुपरमात्मने नमः

# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा - तत्तपूरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

तिमी प्रहरी अधिकृत हौ भने आफूलाई जनतारूप भगवान्‌को सेवक ठान, कसैलाई गाली नगर न त कसैलाई सताऊ। लोभ, घमन्ड, अभिमान या द्वेषवश कसैलाई कुनै वेला भुलेर पनि बेकारमा दुःख नपुर्‍याऊ। सेवाको भावले नै सारा कामहरू गर। तिम्रो काम अत्यन्त सावधानीसाथ गरिने खालको हो। यदि तिमी आफ्नो सुधार गरी यस-प्रकार भगवत्सेवामा लाग्यौ भने आफ्नो यसै प्रहरीको कामबाट तिमीलाई भगवत्प्राप्ति हुन सक्तछ।




ॐ

ॐ श्री गुरुपरमात्मने नमः


# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दु राष्ट्र नेपाल



## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा - तत्तपूरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

तिमी मालिक हौ भने नोकरहरूलाई दुःख नदेऊ र अभिमानवश आफूलाई धेरै ठूलो नठान। आफ्नो अभिनयअनुसार उनीहरूबाट काम चलाऊ, तर मनमनै उनीहरूलाई भगवान्‌को स्वरूप सम्झी उनीहरूको हितरूपी सेवा गर्ने प्रयास गर र गर्दै रहू। मनले कसैको तिरस्कार नगर। लोभले कसैको न्यायपूर्ण आजीविकाको हरण नगर। उनीहरूको भलाइमा लागिरहू। यसैबाट तिमीमाथि भगवान् कृपा गर्नुहोला र तिमीलाई आफ्नो परमपद दिनुहोला, जसले तिमी मालिकहरूको मालिक बन्ने होलाऊ।



ॐ श्री गुरुपरमात्मने नमः


# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा - तत्तपूरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

जुन धर्म तथा ईश्वरलाई हामीले आफ्नो समाजरूपी शरीरको मेरूदण्ड सम्झेका थियौं आज त्यसै धर्मको आवश्यकता एवम् ईश्वरको अस्तित्वलाई आफ्नो शिक्षित समुदायसामु स्वीकार गर्नमा हाम्रा शिक्षित युववर्गलाई सङ्कोच एवं लाजको अनुभव हुन्छ, मानौं उनी कुनै मूर्खतापूर्ण कुसंस्कारको समर्थन गरेर आफ्नो विद्धता माथि कलङ्क लगाइरहेका छन् अथवा कुनै जघन्य अपराध गरिरहेका छन् ।



ॐ

श्री गुरुपरमात्मने नमः




# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा - तत्तपूरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

मनुष्यले सधैं मर्यादाको सीमारेखाभित्र रही आदर्शोन्मुख जीवन व्यतित गर्न प्रयत्नशील रहनु पर्दछ।


खराबीबाट बच्नु नै भलाइतिर जानु हो।



ॐ श्री गुरुपरमात्मने नमः

# वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




**ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा-तत्तपूरूषका करकमल बाट पोखिएका मोतिका ग्रन्थहरू बाटै**


प्रातःकालमा शान्तिपूर्वक बसेर निम्नलिखित विचारलाई वारंवार चिन्तन गर्दै त्यसलाई आफ्नो गुप्त (Sub-Consious) मनमा स्थापना गर– 'अहमिन्द्रो न परा जिग्ये' (ऋग्वेद १०।४८।५), अर्थात् म शक्तिको केन्द्र हुँ। जीवनमा कहीं पनि मेरो पराजय हुन सक्तैन। म सानातिना चिन्ताबाट कहिल्यै डराउने वा मार्ग-च्युत हुने मानिस हैनँ। म विकट प्रसङ्गको वेलामा कहिल्यै पराजित हुन्नँ। विपत्तिहरू आँधीबेरी झैं आउँछन्, जान्छन्। म आँधीबेरीमा पनि अविचलित रहने अडिग चट्टान हुँ। विकट प्रसङ्ग या विपत्तिबाट मेरो केही बिग्रने होइन। यो मेरो परीक्षा लिन आउँछ, तर म कहिले पनि परास्त हुन्नँ।

'मेरो आत्मविश्वास महान् छ। त्यो कहिल्यै साधारण अभाव र सानातिना विपत्तिबाट अस्तव्यस्त हुँदैन। मङ्गलमय प्रभुको महान् शक्तिमा अखण्ड विश्वास राख्दछु। प्रभुको शक्ति सदा मेरो साथ छ। त्यो सदा कवच झैं मेरो सहायता गर्छ। म मेरा समस्याहरूदेखि कहिल्यै आत्तिन्नँ। एक-एक गरेर तिनको समाधान गर्ने युक्ति सोच्छु, समस्याहरूको विवेकपूर्ण समाधान पत्ता लगाउँछु।

'मेरो जीवन सुरक्षित छ। ईश्वरको महान् सामर्थ्य शनैः शनैः ममा व्यक्त भैरहेको छ। वीरात्मा झैं म समस्त विपत्तिहरूको सामना गर्नेछु।'



ॐ श्री गुरुपरमात्मने नमः




# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दु राष्ट्र नेपाल

## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा - तत्तपूरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमत"

राम्रोसँग सावधान हुन सक्यौ भने संसारको दृष्टिमा तिमी बच्न सक्नेछौ तर आफ्नो दृष्टिमा कदापि बच्न सक्दैनौ । भ्रममा जति पर रहे पनि जवसम्म आफ्नो दृष्टिमा ठीक भइन्न तबसम्म आन्तरिक ग्लानि र व्यथा सञ्चो हुँदैन ।



ॐ श्री गुरुपरमात्मने नमः


**वेद हाम्रो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



## ब्रह्मज्ञनी परमपूज्य श्री १००८ खप्तडबाबा - तत्तपूरूषका करकमल बाट मोखिएका मोतिका ग्रन्थहरू बाटै


A yogi can gain the details of the subtle **tanmatric** world through meditation but he must not enjoy such aspirations. The science of **tanmatric** world is also very fascinating. If the aspirant's practice does not contain the will and intention of having any vision in meditation but even then happened to be confronted with a vision, at that time he should not consider it as fallacies and hallucinations, but should think that the aspirant's mind and intellect have evolved thus being capable to enter into the subtle worlds. At that time the intellect must be left free to roam about and make new possible explorations, with keen and comprehensive observations, so that the genuineness of the objects, which the aspirant perceives in his meditation can be tested and verified. The world of fancy and imagination always follows one's will and aspirations whereas here in meditation varieties of subtle things appear without any effort, possibly never seen or heard of before.



ॐ श्री गुरुपरमात्मने नमः

**वेद हाम्रो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा - तत्तपूरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

आफ्ना समयका नास्तिकताका प्रबल समर्थक श्री डेविड ह्यूम-(David Hume) - ले आफ्नो सुप्रसिद्ध पुस्तक Treaties on Human Nature मा राम्रोसित स्वीकार गरेका छन्–

The intense view of these manifold cantradictions and imperfections in human reason has so wrought upen me and heated my brain that I am ready to reject all belief and reasoning and can look upan no opinion as more probable or likely than another. Where am I or what ? From what causes do I derive my existence and to what condition shall I return ? Whose favour shall I covet ? And whose anger must I dread ? What beings surround me ? And on whom have I any influence or who has any influence on me ? I am confounded with all these questions, and begin to fancy myself in the must deplorable condition imaginable environed with the deepest darkness, and utterly deprived of the use of every member and faculty.

अर्थात् मनुष्यका युक्तिहरूको अपूर्णता तथा तिनमा विद्यमान अनेकौं विरोधी जटिलताहरू देखेर म यति प्रभावित भएको छु तथा मेरो मस्तिष्क यसले यति अस्त-व्यस्त गरिदिएको छ कि सबै प्रकारका विश्वास एवं युक्तिहरूलाई स्वीकार नगर्न म तयार छु र कुनै पनि विचारलाई अर्कोभन्दा ज्यादा सम्भव एवं समर्थनयोग्य मान्न सक्तिनँ । 'म कहाँ छु र के हुँ ? मेरो जीवन कुन स्रोतद्वारा प्रभावित हुन्छ र यो कहाँ जान्छ ? म कसको कृपाप्रति लालायित छु र कसको रिससँग डराउँछु ? मेरो चारैतर्फ यो के छ ? मैले कसलाई प्रभावित पारेको छु र म केद्वारा प्रभावित छु' – मेरा चारैतर्फ यी प्रश्नहरू खडा हुन्छन् र म ज्यादै नैराश्यपूर्ण अवस्थामा (विचारमा) पर्दछु । मेरो चारैतर्फ घोर अन्धकार व्याप्त छ, तथा मेरा मानसिक शक्ति एवं सम्पूर्ण अङ्ग अकर्मण्य हुन्छन् ।



ॐ श्री गुरुपरमात्मने नमः

# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा - तत्तपूरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"


धार्मिक भावको उपेक्षा नै हाम्रो अनुशासनहीनता तथा नैतिक स्तरको ह्रासको प्रमुख कारण हो। आज चाहे जे-जस्तो अवस्था होओस्, तर अनादिकालदेखि नै हिन्दूराष्ट्र सधैं धर्ममूलक राज्य रही आएको छ। आज समयको प्रभावले गर्दा वा पाश्चात्य सभ्यताको विषालु संसर्गले गर्दा मानिसहरू चाहे धर्मलाई केवल व्यक्तिगत विचार सम्झून् अथवा केवल मन्दिर, मस्जिद र गिर्जाघरको सीमित क्षेत्रको कुरा सम्झून्, तर हाम्रो राष्ट्रमा त अतिप्राचीन कालदेखि नै धर्मको विषय जीवनका सम्पूर्ण क्षेत्रहरूमा यति व्यापक रूपमा फैलिएर रहेका छ जसरी शरीरमा रगत। जसरी रक्तहीन शरीरको कल्पना पनि गर्न सकिन्न, त्यसरी नै धर्मनिरपेक्ष राष्ट्रको पनि कल्पना गर्न सकिंदैन। अनुवादको अधूरो प्रणालीले गर्दा आज यस शब्दले युवावर्गमा आफ्नो विष बडो भद्दा किसिमले फिंजाइदिएको छ, जसले अनुशासनहीनता तथा अनैतिकतालाई प्रोत्साहन दियो र दिइरहेको छ। अंग्रेजी अनुवादले हाम्रो भाषाका शब्दहरूका भावलाई पूर्ण रूपले अभिव्यक्त गर्न सक्तैन र कहिलेकाहीं त यसले एकदमै भिन्न प्रकारको भाव पनि अभिव्यक्त गरिदिन्छ, जो अनर्थको कारण बन्न सक्तछ। **धर्म-निरपेक्ष** यस्तै एक शब्द हो। यसको वास्तविक अर्थ हो– 'सबै धर्महरूलाई समान आदर र आफ्नो धर्मप्रति दृढ आस्था एवम् अगाध श्रद्धा' तथा भ्रामक अर्थ छ– 'कुनै पनि धर्मलाई नमान्नु।' दुर्भाग्यवश आजका युवापीढी ज्यादाजसो यसै भ्रामक अर्थको अनुयायी बन्दै गइरहेको छ जसको फलस्वरूप अनुशासनहीनता र अनैतिकतापूर्ण वातावरणको सृजना हुँदै गइरहेको छ।



ॐ श्री गुरुपरमात्मने नमः


# वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा - तत्तपूरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

स्त्रीहरूसंग सत्कारपूर्वक राम्रो व्यवहार गर्नुपर्छ । स्त्रीहरूको जहाँ सत्कार हुन्छ, त्यहाँ सबै देवता निवास गर्दछन् । जहाँ सत्कार हुँदैन त्यहाँ सबै कर्म निष्फल हुन्छ । यो विषमताको व्यवहार विष समान हो । अतः पुरुषहरूले स्त्री-पुरुष सबैसंग समानताको व्यवहार गर्नु उचित हुन्छ ।



ॐ श्री गुरुपरमात्मने नमः




# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा - तत्तपूरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

–सधैं स्मरण राख–


धीरता, सहिष्णुता, जितेन्द्रियता, पवित्रता र सच्चरित्रता धर्म हुन्। यदि आफूलाई मानव मान्दछौ भने, यी धर्मको अवश्य पालन गर।



ॐ श्री गुरुपरमात्मने नमः


# वेद हाम्रो धर्म शास्त्र हो

## विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा - तत्तपूरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

यसरी शरीररूपी रथका अति चञ्चल अश्वरूपी इन्द्रियहरूलाई मनरूपी लगामले बुद्धिरूपी सारथिद्वारा नियमित मार्गबाट हिंडाएमा स्वास्थ्य प्राप्ति अवश्य हुन सक्दछ। तर यदि हामीले मनरूपी लगामलाई किञ्चित् पनि खुकुलो गर्‍यौं भने इन्द्रियरूपी अश्व शरीररूपी रथलाई अनुचित मार्गबाट अवश्य लैजाने छन्। यसबाट हाम्रो स्वास्थ्य, ज्ञान तथा बल अवश्य नष्ट हुनेछ। यही कुरा उपनिषद्‌हरूमा पनि भनिएको छ— 'आत्मानं रथिनं विद्धि शरीरं रथमेव तु। बुद्धिं तु सारथिं विद्धि मनः प्रग्रहमेव च॥ इन्द्रियाणि हयान्याहुः विषयास्तेषु गोचरान्" अर्थात्, आत्मालाई रथी जान र शरीरलाई रथ, बुद्धिलाई सारथि तथा मनलाई लगाम, इन्द्रियहरूलाई घोडा तथा विषयहरूलाई मार्ग (बाटो) जान। इन्द्रियरूपी घोडाहरूलाई मनरूपी लगामबाट बुद्धिरूपी सारथिद्वारा निर्दिष्ट पथमा लग्यौं भने इष्ट स्थानरूपी ईश्वर प्राप्ति अथवा स्वास्थ्यरूपी फल प्राप्ति अवश्य होला।




ॐ

ॐ श्री गुरुपरमात्मने नमः

# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा - तत्तपूरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

अतएव समाज-शरीरको मस्तिष्क ब्राह्मण, बाहु क्षत्रिय, ऊरु (तिघ्रा) वैश्य र चरण शूद्र हुन्। चारै वर्ण एउटै समाजका चार अनिवार्य अङ्ग हुन्। एक-अर्काको सस्नेह र सजग सहयोगको आडमा सुरक्षित र जीवित छन्। यहाँ घृणा र अपमानको कुरा नै छैन। यीमध्ये कसैको पनि रत्तीभर अवहेलना गर्न सकिदैन। यिनीहरूमा कुनै नीच र उच्च भन्ने परिकल्पना पनि छैन। आ-आफ्ना स्थान र कार्यअनुसार सबै ठूला छन्। चारै थरीको महत्त्वपूर्ण र गौरवपूर्ण स्थान छ। एउटाको अभावमा अर्को अपाङ्ग बन्दछ। ब्राह्मण ज्ञानबलद्वारा, क्षत्रिय बाहुबलद्वारा, वैश्य धनबलद्वारा र शूद्र जनबल या श्रमबलद्वारा समाजलाई जीवन्त बनाउँछन्। चारै वर्णको पूर्ण उपयोगिता छ। सबैको उत्पत्ति भगवान्कै शरीरबाट भएको छ- - भगवान्को श्रीमुखबाट ब्राह्मणको, बाहुबाट क्षत्रियको, वैश्यको ऊरुबाट र श्रीचरण-हरूबाट शूद्रको उत्पत्ति भएको छ।

ब्राह्मणोऽस्य मुखमासीद् बाहू राजन्यः कृतः।
ऊरू तदस्य यद्वैश्यः पद्भ्यां शूद्रो अजायत ॥

-ऋग्वेद १०।९०।१२



ॐ



ॐ श्री गुरुपरमात्मने नमः


# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा - तत्त्पूरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

स्वधर्म हामीलाई यति सजिलोसँग मिलेको छ कि हामीबाट आफ-से-आफ त्यसको अवश्य पालना हुनुपर्ने हो । पशु-पक्षीहरूमा यस्तो भइरहेको पनि छ, तर बुद्धिमानीको ढोंग हाँक्ने मानव ! ! तिमीबाट हुन सकेन ! अनेकौं प्रकारका बौद्धिक अपराधहरूले गर्दा स्वधर्मको पालन गर्नमा मानिस आफूलाई असमर्थ मान्न लाग्यो । कहिले जमानालाई दोष दिन्छ भने कहिले कलियुगलाई गाली।






ॐ श्री गुरुपरमात्मने नमः

# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा - तत्त्वपूरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

♡ यहाँ जति पनि लेखिएको छ हिन्दू धर्मको वैवाहिक पद्धतिको अनुसार नै लेखिएको छ, किनभने हामीहरू संसारको एकमात्र हिन्दू देशका नागरिक हौं, तथा हाम्रो हिन्दू संस्कृतिको धरातल अति उच्च छ । ♡





श्री गुरुपरमात्मने नमः

# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा - तत्तपूरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

जो मनैदेखि सत्यको उपासक छ, सत्यलाई जान्न पूर्ण अभिलाषा राख्दछ, त्यो कुनै प्रकारको परिश्रमलाई परिश्रम सम्झँदैन । धैर्यले प्रसन्नतापूर्वक श्रम गर्दै अभ्यास गर्दा गर्दा एक दिन उसले सत्यलाई अवश्य प्राप्त गर्दछ, यसमा अणु मात्र पनि सन्देह छैन । कर्तव्य-कर्म, सानो होस् वा ठूलो, घरको होस् वा बाहिरको, उत्तम रीतिले पालन गर्नु पर्छ । जब कर्तव्य प्रेमको वस्तु हुन्छ र प्रत्येक कर्तव्यको ठीक ठीक सच्चा मनले निःस्वार्थ भएर पालन गरिन्छ, तब मनबाट धेरै जस्तो स्वार्थभाव निस्कन्छ र मानिस सत्यतिर बढ्न लाग्छ ।



ॐ श्री गुरुपरमात्मने नमः



# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल


## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा - तत्त्वपूरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"



भगवान्‌ले भन्नुभएको छ–

यत् करोसि यदश्नासि यज्जुहोषि ददासि यत्।
यत् तपस्यसि कौन्तेय ! तत् कुरुष्व मदर्पणम् ।।

भक्ति र भक्तिका प्रकारभेद-सर्वसुहृत्, सर्वज्ञ, सर्वशक्तिमान् भगवान्‌मा निर्भर रहेर जो भक्ति गर्दछन् तिनीहरू नै भक्त हुन्। ज्ञानयोगको अधिकारीलाई पहिले साधन-चतुष्टय विवेक,वैराग्य, षट्सम्पत्ति र मुमुक्षुता)-ले युक्त हुनु जरूरी छ। विनाविरक्ति ज्ञानयोगको अधिकारी कोही पनि हुन सक्तैन र अनधिकारी प्रयत्न गरेर पनि ज्ञानको मुख्य फल पाउन सक्तैन, तर भक्तिको अधिकारी सबै हुन सक्छन्।



ॐ श्री गुरुपरमात्मने नमः


# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा - तत्तपूरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

"म भक्तको पाउको धूलो-(पदरज)-को इच्छा राखी सदा उसका पछिपछि घुमिरहन्छु जसबाट उसको चरणको धूलो उडेर मेरो शरीरमा परी म पवित्र बनूँ। हे ब्राह्मण! म सधैं भक्तको अधीनमा छु। ममा अलिकति पनि स्वतन्त्रता छैन।"








ॐ श्री गुरुपरमात्मने नमः

# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा - तत्तपूरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

अन्तर्यामी भगवान् सबै प्राणीहरूमा रहनुहुन्छ, अतः प्रत्येक नर-नारीको शरीर भगवान्को नै मन्दिर हो। अतः कसैसँग ईर्ष्या-द्वेष राख्नु, कसैको अमङ्गल सोच्नु, कसैलाई दुःख दिने चेष्टा, मन, बचन र शरीरले कसैको खराबी गर्नु अन्तर्यामी भगवान्को अवहेलना गर्नु हो। गरीब र दुःखीहरूको सेवा, सत्य, अहिंसा, न्याय, प्रत्येक नर-नारीको कल्याण र प्रत्येक प्राणीहरूलाई सुखी बनाउने चेष्टा नै अन्तर्यामी भगवान्को सेवा गर्नु हो।




ॐ

ॐ श्री गुरुपरमात्मने नमः


# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा - तत्त्वपूरुषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

त्यस्तो कुनै ठाउँ छैन जहाँ भगवान् अन्तर्यामी रूपले रहनुहुन्न, यसकारण यस्तो कुनै गुप्त ठाउँ छैन जहाँ मानिस लुकेर कुनै दुष्कर्म गर्नसकोस्। गुप्त स्थानमा मनलाई धोका दिएर कुनै कर्म नगर्नु नै अन्तर्यामी भगवान्को सेवा हो।



ॐ

ॐ श्री गुरुपरमात्मने नमः



# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा - तत्तपूरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

धर्म र धार्मिक शिक्षाको अर्थ मेरो सोचाइमा संकीर्णता, साम्प्रदायिकता, रूढीवाद र अन्धविश्वास बिल्कुलै होइन, त्यसको सट्टा वैज्ञानिक व्याख्या सम्पन्न परम व्यावहारिक, उदार, विशाल तथा अविरोधी धर्म र धार्मिक शिक्षा हो।

संक्षेपमा माथिको भनाइको मेरो अभिप्राय यो छ कि कुनै पनि विदेशीले संसारको एक मात्र पवित्र हिन्दू देशमा आउँदा, वस्दा र फर्कंदासम्म यस्तो अनुभव गरोस् कि म हिन्दू देशमा आएँ, बसें र अहिले म हिन्दू-देशबाट फर्कन लागेको छु । यस उद्देश्यको पूर्त्ति गर्नलाई एक सरल तथा स्थूल साधन यो पनि हो कि प्रायः मुख्य-मुख्य मार्गहरू, विद्यालय, कार्यालयहरूमा हिन्दू संस्कृतिका परिचायक श्लोकहरू प्लेटहरूमा टाँस्ने व्यवस्था भए सारै वेस हुने थियो । त्यस्ता प्रेरणादायी वाक्यहरू र देश, धर्म, संस्कृतिको गौरववर्धक वाक्यहरू वेद, उपनिषद्, गीता, रामायण, महाभारत, उपदेशप्रद बुद्ध वचनवाट लिन सकिन्छ ।



ॐ

ॐ श्री गुरुपरमात्मने नमः





# वेद हाम्रो धर्म शास्त्र हो

## विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा - तत्तपूरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

सत्य त यो छ कर्मफलअनुसार परमात्माले बनाएको नियमबाट जीवात्माहरूलाई शुभाशुभ योनि, ज्ञान, सुख, दुःख, अनुकूलता आदि प्राप्त हुन्छन् । भगवान् आपत्तिको समयमा संसारमा असाधारण व्यक्तिलाई पठाएर संसारको मर्यादाको रक्षा गर्दछन् तथा मनुष्य-समाजलाई उन्नत पार्दछन् ।






ॐ श्री गुरुपरमात्मने नमः

# वेद हामो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दु राष्ट्र नेपाल

## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा - तत्तपूरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

व्यायाम आफ्नो बलानुसार अवश्य गर्नु पर्दछ । जसबाट सब शरीरको सङ्गठन होस् । अति काम, क्रोध, लोभ, मोह मस्तिष्कलाई उत्तेजित गर्दछन् । त्यसैले यिनबाट बच्नु पर्दछ, जसबाट तिनको अनिष्ट परिणाम मस्तिष्कमा हुन नपाओस् ।



ॐ

ॐ श्री गुरुपरमात्मने नमः

# वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



## ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा - तत्तपूरूषका करकमल बाट पोखिएका ग्रन्थहरूका "अमृत"

संसारमा जति पनि मतभेद देखिन्छन्, त्यो सबै साधनलाई लिएर भएको हो, लक्ष्यलाई लिएर होइन, लक्ष्य त सबैको एक नै छ ।